का.जि.प्र.का.द.नं. १००/०५९/६०

७ माघ २०८०, आइतबार

21 January 2024, Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु





माओवादी केन्द्र, एकीकृत समाजवादी र जनता समाजवादीले महाधिवेशनको तयारी तीव्र पारेका छन् । तर तीन वटै दलले महाधिवेशनबाट नेतृत्व भने फेर्ने छैनन् ।

## नेतृत्व नफेर्ने महाधिवेशन

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ६ माघ ।

नेकपा माओवादीले आगामी फागुनमा विधान महाधिवेशन गर्दैछ । विधान महाधिवेशन लगत्तै विशेष महाधिवेशन गर्ने तालिका छ । यसअघि मंसिरमा गर्ने भनिएको विधान महाधिवेशन फागुनमा सारिएको हो भने फागुनमा गर्ने भनिएको विशेष महाधिवेशन आगामी वैशाखमा गर्ने भनिएको छ । प्रस्तावित विधान महाधिवेशनले हालकै नेतृत्वलाई अर्को दुई कार्यकाल नेतृत्वमा रहन पाउने व्यवस्था गरेको छ । अर्थात, नेताहरुका अनुसार माओवादी केन्द्रको विधान महाधिवेशनले पुष्पकमल दाहाल प्रचण्डलाई पुनः पार्टी नेतृत्वमा दोहोरिनका लागि नरोकिने विधान बनाउनेछ । विशेष माधिवेशनले प्रचण्डकै नेतृत्वमा पुनः माओवादी केन्द्र आडि बढ्ने निर्णय लिनेछ ।

नेकपा एकीकृत समाजवादी पनि माधिवेशनमा केन्द्रित छ । एकीकृत समाजवादीले यही माघ २५ गतेदेखि महाधिवेशन केन्द्रित अभियान सञ्चालन गर्दैछ । आगामी वैशाखसम्म सञ्चालन हुने अभियानअन्तर्गत संगठन सुदृढीकरण, सदस्यता वितरण, राजनीतिक तथा सामाजिक गतिविधिको पृष्ठ २ मा

कोशीमा नामाकरण विवाद

## जो असन्तुष्ट उसैलाई वार्ता समितिको नेतृत्व

**शिव विक/मध्यान्ह**
काठमाडौं, ६ माघ ।

कोशी प्रदेशको नामाकरणप्रति असन्तुष्ट पहिचान पक्षधरसँग वार्ता गर्न तीन सदस्यीय समिति गठन भएको छ । कोशी प्रदेश सरकारले भौतिक पूर्वाधार विकासमन्त्री कमलप्रसाद जबेगुको नेतृत्वमा आन्दोलनरत पहिचान पक्षधरसँग वार्ताका लागि तीन सदस्यीय वार्ता समिति गठन गरेको हो ।

प्रदेश मन्त्रिपरिषद्को शनिबार बसेको बैठकले वार्ता समिति सदस्यमा पर्यटन, वन तथा वातावरणमन्त्री गणेश उप्रेती र सदस्य सचिवमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव लक्ष्मीप्रसाद पौडेल रहने निर्णय गरेको छ ।

जबेगुले कोशी प्रदेश नामाकरणको विषयमा असन्तुष्टि जनाएका छन् । जो असन्तुष्ट उसैलाई सरकारी वार्ता समितिको नेतृत्व दिइएको छ ।

नेताहरुका अनुसार प्रदेशको नामाकरणप्रति असन्तुष्ट पक्षधरहरुको निरन्तरको संघर्ष र आन्दोलनका कारण सरकार वार्ता समिति बनाउन बाध्य भएको छ । तर, यसले कसरी समस्या समाधान गर्छ भन्नेमा कुनै प्रष्टता नरहेको सरोकारवालाहरु बताउँछन् ।

प्रदेशसभा बैठकले फागुन १७ गते प्रदेशको नाम कोशी पारित गरेदेखि पहिचान पक्षधरले प्रदेश १ पुनः नामकरण संयुक्त संघर्ष समिति गठन गरी आन्दोलनरत छन् । उक्त आन्दोलनका क्रममा आन्दोलनरत पक्षका पदम लिम्बुको मृत्यु भएको छ । कोशी प्रदेश सभा बैठकमा प्रदेश नामकरणबारे छलफल चलिरहँदा पहिचानका आधारमा नाम राख्न नसकिएको भन्दै जसपाकी सांसद निर्मला तावा लिम्बू रोस्ट्रममै रोएकी थिइन् ।

लगत्तै, पहिचानका आधारमा प्रदेशको नामकरण नभएको भन्दै किराँत र लिम्बूवानसहित विभिन्न जातीय संगठनहरूले आन्दोलन घोषणा गरेका थिए । ती संगठनहरूले राजधानी विराटनगरस्थित प्रदेशसभा र मुख्यमन्त्री कार्यालय घेराउसहित विरोधसभाहरु पृष्ठ २ मा



किरात सभ्यतालाई शीरमा राखेर आदिवासी जनजातिको पहिचान कायम गर्दै माग र मुद्दा सम्बोधनका लागि आन्दोलनरत पक्षसँग वार्ता गर्न समिति गठन गरिएको हो ।

**शमशेर राई**
**प्रवक्ता, कोशी प्रदेश सरकार**




## मिनी संसदमा अड्किए विधेयक

प्रतिनिधि सभाका विभिन्न समितिमा १२ वटा विधेयक छन् । राष्ट्रिय सभामा दुई वटा विधेयक समितिमा विचाराधिन छ भने अध्यागमन विधेयक सभामै छ । यही अवस्थामा संसद बैठक बस्न बिजनेस अभाव हुन सक्ने संसद सचिवालयको चिन्ता छ ।



संसदीय समितिमा रहेका बिजनेसलाई अगाडि बढाउन पहल लिनेछु ।

**देवराज घिमिरे**
**सभामुख**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ माघ ।

सरकारले संघीय संसदको अधिवेशन माघ तेस्रो साता बोलाउने तयारी गरेको छ । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले सभामुख देवराज घिमिरेलाई भेटेर सरकारको तयारीबारे जानकारी गराएका छन् । त्यसक्रममा विधेयकहरुको अवस्था र संसदीय क्यालेन्डरको विषयमा समेत छलफल भएको थियो । केही विधेयकहरु संसदमा दर्ता हुने प्रक्रियामा रहेको पनि मन्त्री गुरुङले बताएका थिए ।

सभामुख घिमिरेले संसदीय समितिमा रहेका विधेयकहरुका सम्बन्धमा समिति सभापतिहरुसँग छलफल गर्ने बताएका थिए । त्यसअनुसार सभामुख घिमिरेले प्रतिनिधिसभा अन्तर्गत रहेका सबै विषयगत समितिका सभापतिहरूसँग छलफल तय गरेका छन् । उनले भनेका छन्, 'संसदीय समितिमा रहेका विजनेसलाई अगाडि बढाउन पहल लिनेछु ।'

छलफलका लागि प्रतिनिधिसभा अन्तर्गतका समितिका सभापतिहरूलाई आइतबार बिहान ११ बजे सिंहदरबारमा बोलाइएको छ । सभामुख घिमिरेले समितिलाई सक्रिय बनाउने, जारी विधेयकमाथिको दफाबार छलफललाई तीव्र पार्ने, आगामी अधिवेशनमा विधेयक पेश गरिने लगायतका विषयमा भोलिको बैठकमा छलफल गर्नेछन् । त्यसक्रमम सभामुख घिमिरेले समितिको कामकारबाही र गतिविधिबारे पनि जानकारी लिनेछन् ।

प्रतिनिधि सभामा विद्युतीय व्यापार विधेयक, राष्ट्रिय मर्यादासँग सम्बन्धित विधेयक र सम्पती शुद्धीकरणसँग सम्बन्धित विधेयक गरेर ३ वटा मात्रै विधेयक अगाडि बढ् नसक्ने अवस्थामा रहेको छ । पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## पुराना महानिर्देशकदेखि प्रधानमन्त्रीमाथिसम्म खनिए विभागका नयाँ महानिर्देशक

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ माघ

वैदेशिक रोजगार विभागका नवनियुक्त महानिर्देशक डण्डुराज घिमिरेले वैदेशिक रोजगार प्रशासन भद्रगोल अवस्थामा रहेको देखेर आफू विरक्त भएको बताएका छन् । करिब साढे दुई वर्ष सिंहदरबारस्थित श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रवक्ताको जिम्मेवारीमा रहेका सहसचिव घिमिरे दुई हप्ताअघिमात्रै विभागको महानिर्देशकमा नियुक्त भएका हुन् ।




शनिबार धुलिखेलमा मानव अधिकारका लागि जनमञ्च पिपुल्स फोरमले आयोजना गरेको सञ्चारकर्मीका लागि वैदेशिक रोजगार कानूनसम्बन्धी तालिममा उठेका प्रश्नहरुको जवाफ दिँदै महानिर्देशक घिमिरेले वैदेशिक रोजगार प्रशासन अत्यन्तै दयनीय अवस्थामा रहेको बताए ।

रेमिट्यान्स आप्रवाहको अवस्थाले नेपाली अर्थतन्त्रमा वैदेशिक रोजगारको योगदानको अवस्था महत्वपूर्ण रहेपनि वैदेशिक रोजगार प्रशासनलाई व्यवस्थित गर्न सरकारले महत्व र प्राथमिकता नदिएको र यस विषयलाई सार्वजनिकरुपमा भन्न आफूलाई कुनै हिचकिचाहट नरहेको बताए ।

टिनको छानोले छाएको साँघुरो भौतिक संरचनामा विभाग कार्यालय सञ्चालन गर्नुपरेको गुनासोबाट आफ्नो असन्तुष्टि राखेका महानिर्देशक घिमिरेले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा रहेका कमजोरी सुधारका लागि बजेट नपाएको विषय पत्रकारहरुका अगाडि राखेर आफ्नो भनाइ टुंग्याए ।

उनले भने, 'वैदेशिक रोजगार बोर्डबाट १० करोड निकास गरेर फेमिस अपग्रेड गर्ने निर्णय भएको हो । तर कामदारको रकम खर्च गर्न पाइँदैन भनि अख्तियारमा उजुरी पर्‍यो, पृष्ठ २ मा

## जिट्को लाइसेन्स खुलाउन व्यवसायीको माग

**काठमाडौं/मस-** वैदेशिक रोजगार व्यवसायीले जापानमा नेपाली कामदार पठाउन दिएको अनुमतिपत्र जिट्को लाइसेन्स नवीकरणमा वैदेशिक रोजगार विभागले आलटाल गरेको गुनासो गरेका छन् ।

गत वर्ष जनवरी १ तारिकमा जिट्को लाइसेन्स नवीकरण भएको, तर यसपटक हालसम्म नवीकरण तथा सूचीकरण गराउन आवेदन माग नगरिएका कारण शंकाको अवस्था सिर्जना भएको भन्दै आइतबार बिहान पृष्ठ २ मा

VACANCY
ANNOUNCEMENT
A Reputed, pioneer and market leader in the field of Manpower Recruiting Business.
We Are Looking for the Following Positions:
PUBLIC RELATION OFFICER : 2 (M/F)
DOCUMENTATION : 1 (F)
Salary: Negotiable
Requirements:
Experience in Saudi mofa / Malaysia and GCC and europe
Send the cv on : coderecruitmentnp@gmail.com
9851082081 | 9816090359 | 9808177945
Code Recruitment Services Pvt. Ltd.
Old Baneshwor Height, Kathmandu, Nepal
Tel 01-5912843 | 5912844
Govt. Lic. No. 1596/079/080



## मलेसिया र युएई मा वैदेशिक रोजगारको अवसर

कम्पनी : DYNAMIC GUARDFORCE SDN BHD — शहर : JALAN
पूर्व स्वीकृत मितिः २०८०/१०/०२ — चलानी नं.: ६०२१३२५७ — L.T. No.: 298081

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 100 | 0 | स. काममा दक्ष | 1500 | ४२,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ZAFRAN SECURITY SERVICES SDN BHD — शहर : GENTING KLANG
पूर्व स्वीकृत मितिः २०८०/१०/०४ — चलानी नं.: ६०२१३२५६ — L.T. No.: 298320

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ALSARH RECRUITMENT-SOLE PROPRIETORSHIP L.L.C. — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८०/०५/०४ — चलानी नं.: ६०२०६५१२ — L.T. No.: 291303 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Reinforcing Fitter Assistant | 64 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,९०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Stone Mason Assistant | 100 | 0 | | 800 | २८,९०४ | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १५, १६ र १७ गते (29, 30 & 31 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

रसुवा ओभरसिज प्रा. लि.
एयरपोर्ट, कालिमाटीडोल, काठमाडौं, फोन : ५९०६४३९
E-mail : info@rasuwaoverseas.com, rasuwaoversease@gmail.com
Web.: www.rasuwaoverseas.com
श्रम इजाजत नं. ११३०/०७३/०७४

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

७ माघ २०८०, आइतबार
21 January 2024, Sunday

# मन्त्री र प्रदेश सांसदका कारण प्रादेशिक अस्पतालको अवस्था लथालिंग भएको आरोप

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, ६ माघ




रौतहटको प्रादेशिक अस्पताल गौरको व्यवस्थापन समितिका अध्यक्ष मोहम्मद अनवर हासमीले नेपाली कांग्रेसका मन्त्री र प्रदेश सांसदका कारण प्रादेशिक अस्पताल गौरको अवस्था लथालिंग भएको आरोप लगाएका छन् ।

मधेश प्रदेशका कांग्रेसका केही मन्त्रीहरुले मानवको स्वास्थ्यसँग जोडिएको अस्पताल जस्तो अति संवेदनशील ठाउँमा राजनीति गर्न खोज्दा र कर्मचारी हेरफेरमा अनावश्यक हस्तक्षेप गरेको कारण प्रादेशिक अस्पताल गौरको अवस्था नाजुक बनेको अध्यक्ष हासमीले बताए ।

प्रादेशिक अस्पताल गौरको सभाहलमा शनिबार पत्रकार सम्मेलनको आयोजना गरी अस्पताल व्यवस्थापन समितिका अध्यक्ष हासमीले रौतहट क्षेत्र नं १ 'ख' का प्रदेश सांसद एवं प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री कृष्ण प्रसाद यादव, कांग्रेसकै स्वास्थ्य मंन्त्री विरेन्द्र सिंह र रौतहट क्षेत्र नं १ 'क' का कांग्रेसका प्रदेश सांसद नागेन्द्र साह मुख्यमन्त्री कार्यालयले अस्पतालमा राजनीतिकरण गर्न खोजेको आरोप लगाएका हुन् ।

अस्पतालको मेडिकल सुपरिटेन्डेण्ट संजीव कुमार सिंह हुँदा हुँदै भौतिक पूर्वाधार विकासमन्त्री कृष्ण यादव र प्रदेश सांसद नागेन्द्र साहको दबावमा स्वास्थ्यमन्त्री विरेन्द्र सिंहले पहिलाका मेडिकल सुपरिटेन्डेण्ट कृष्णा प्रसाद साहलाई पठाएर अनावश्यक विवाद गराएका कारण अस्पतालको अवस्था कमजोर हुँदै गएको अध्यक्ष हासमीले बताए ।

अस्पतालमा अहिले मेडिकल सुपरिटेन्डेण्ट सिंह र साह गरी दुई जना कार्यालय प्रमुख कार्यरत रहेका छन् । दुवै जनामा चर्को विवाद रहेको छ । आफुले मेडिकल सुपरिटेन्डेण्ट संजीव कुमार सिंहलाई कायम राख्न र पछि पठाइएका मेडिकल सुपरिटेन्डेण्ट कृष्णा प्रसाद साहलाई फिर्ता पठाउन स्वास्थ्य मन्त्री सिंहलाई पटक-पटक आग्रह गरेपनि भौतिक पूर्वाधार मन्त्री यादव र प्रदेश सांसद साहको दबावका कारण उनले फिर्ता पठाउन नमानेको उनले बताए । प्रदेश ऐनमा प्रदेशमा कर्मचारी नभए मात्र संघको कर्मचारी राख्ने प्रावधान छ तर यहाँ पहिलादेखि नै कार्यरत मेडिकल सुपरिटेन्डेण्ट संजीव कुमार सिंह प्रदेशको कर्मचारी हुँदाहुँदै स्वास्थ्यमन्त्री सिंहले बलजबरजस्ती संघको कर्मचारी कृष्ण प्रसाद साहलाई टिकाएर राखेको उनले बताए ।

मन्त्री यादवले नियमले नै नमिल्ने अस्पतालको मेडिकल सुपरिटेन्डेण्टमा कृष्ण साहलाई नै राख्न चाहेकोले विवाद चुलिएको उनले बताए ।

संजीव सिंह एघारौं तहका कर्मचारी हुन भने कृष्ण साह दशौं तहका कर्मचारी हुन् । साहभन्दा सिंह सिनियर कर्मचारी रहेकोले सिंहलाई नै मेडिकल सुपरिटेन्डेण्टको अख्तियारी दिनुपर्ने अध्यक्ष हासमीको माग छ ।

दुईजना मेडिकल सुपरिटेन्डेण्ट एकै पटक हाजिर भएकोले कसलाई मेडिकल सुपरिटेन्डेण्ट राख्ने भन्ने विषयमा विवाद चुलिएकोले अहिले प्रादेशिक अस्पताल गौर मेडिकल सुपरिटेन्डेण्ट विहीन रहेको छ ।

मेडिकल सुपरिटेन्डेण्टको अभावमा पछिल्लो केहि महिनादेखि अस्पतालका कर्मचारी तलव पाउन सकेका छैनन् । तलव पाउन नसकेका कर्मचारीहरु माघ ७ गतेदेखि आकस्मिक सेवा बाहेक अन्य सम्पूर्ण सेवा बन्द गरी बन्दहड्तालमा उत्रने चेतावनी दिइसकेको कारण ठूलो समस्या उत्पन्न भएको उनले बताए ।

दुवै मेसु बीच विवाद रहेकोले दुवैजनालाई फिर्ता बोलाई अरु कुनै मेसुलाई पठाइदिन आफुले स्वास्थ्यमन्त्री सिंहलाई पटक-पटक आग्रह गर्दा पनि आफ्ना पार्टीका मन्त्रीहरुको दबाव र इशारामा कांग्रेसका स्वास्थ्यमन्त्री सिंहले अरु कुनै मेसुलाई पठाउन नचाहेको उनले बताए ।

आफु अध्यक्ष भएदेखि नै अस्पतालमा सुधारको धेरै काम गरेको चर्चा गर्दै उनले आम नागरिकलाई बढी भन्दा बढी सेवा उपलब्ध गराउन विभिन्न सेवा विस्तार गर्नुका साथै कयौं उपकरण खरिद गरेको र बिरामीहरुलाई बस्न भवनको समेत व्यवस्था गराएको बताए ।

आफुले गौर अस्पताललाई प्रदेशकै उत्कृष्ट अस्पताल बनाउने लक्ष्य लिएपनि अस्पताल जस्तो ठाउँमा पनि केहि नेताहरुले राजनीति गर्न थालेका कारण अस्पतालको अवस्था दिनप्रतिदिन कमजोर हुँदै गएको भन्दै उनले दुःख व्यक्त गरे । आउँदो माघ ११ गतेसम्म मन्त्रालयले मेसुको विवाद सुल्झाएन भने आफु आवश्यक कदम चाल्न बाध्य हुने उनले चेतावनी दिए ।

## नेतृत्व...

अभिलेखीकरण, प्रशिक्षणलगायत कार्यक्रम गरिने छन् । आगामी जेठमा राष्ट्रिय महाधिवेशन गर्न लागेको पार्टीले मातहतका कमिटीलाई यही माघ १४ र १५ गते काठमाडौंमा हुने आसन्न दोस्रो केन्द्रीय परिषद् बैठकमा सहभागि हुन आउने सबै नेतालाई पार्टी सदस्यता नवीकरण गर्न निर्देशन दिएको छ । विधान संशोधन मस्यौदाबारे छलफल गरिने सो बैठकमा पार्टीले तयार पारेको विधान संशोधन मस्यौदामा तल्लो कमिटीका सुझाव समावेश गरिनेछ ।

नेताहरुका अनुसार एकीकृत समाजवादीको महाधिवेशनले पनि पार्टी नेतृत्व परिवर्तन गर्ने छैन । ७० वर्षे उमेरहदको विषय राख्दा वर्तमान नेतृत्व बाहिरिने थिए । त्यसलाई जोगाउन एकीकृत समाजवादीले पार्टीमा जिम्मेवारीका लागि उमेर हदको विषय हटाएको छ । एमाले फुटाएर बनेको नेकपा एकीकृत समाजवादीमा माधव नेपाल निरन्तर नेतृत्वमा छन् । महाधिवेशनबाट उनी नै नेतृत्वमा दोहोरिने गरी विधान तयार पारिएको छ । जनता समाजवादी पार्टी (जसपा) पनि महाधिवेशनमा केन्द्रित भएको छ । जसपाको महाधिवेशन आगामी जेठ २७, २८ र २९ गते जनकपुरमा गर्ने तय भएको छ ।

२०७७ वैशाख १२ गते जसपा पार्टी गठन भएको थियो । कानुन अनुसार पार्टी गठन भएको ५ वर्ष भित्र महाधिवेशन गरिसक्नु पर्छ । नेताहरुका अनुसार यो महाधिवेशनले पनि जसपाको नेतृत्व परिवर्तन गर्ने छैन । जसपाका अध्यक्ष उपेन्द्र यादवले आफ्नो जीवन कालमा एक पटक मात्र महाविधेशनको सामना गरेका छन् ।

## कोशीमा...

गरेका थिए । विराटनगरको रोडशेषस्थित मुख्यमन्त्री कार्यालयअगाडि आयोजित विरोध प्रदर्शनपछि भएको झडपमा पदम लिम्बू लाजेहाङसहित केही प्रदर्शनकारी घाइते भए । लिम्बूको उपचारका क्रममा मृत्यु भएको हो ।

त्यसपछि आन्दोलनरत समूहले आक्रोशित हुँदै उनलाई शहीद घोषणा गर्न, परिवारलाई क्षतिपूर्ति दिन र कोशी प्रदेश नाम लेखिएको बोर्ड हटाउन माग गर्दै प्रदेशका मन्त्री र सांसदहरूलाई लक्षित गरेर विरोधका कार्यक्रमहरु गरेका थिए । पछि संघीय सरकारले पदम लिम्बूलाई सहिद घोषणा गरेको थियो ।

तथापि, कोशी प्रदेश नामकरणले आफ्नो पहिचान मेटिएको आन्दोलनरत पक्षको दाबी छ । उनीहरूले जातीय पहिचान र ऐतिहासिक पृष्ठभूमिका आधारमा प्रदेशको पुनः नामकरण हुनुपर्ने बताउँदै आएका छन् । पहिचानको नारा दिएर चुनावमा भोट मागेका नेताहरूले आफ्ना प्रतिबद्धता बिर्सिएको उनीहरुको आरोप छ ।

यता प्रदेश सरकारले पहिचान पक्षधरको माग र मुद्दा सम्बोधनका लागि पहिचान कायम गर्न खुवालुङ, तुवाचुङ, फाल्गुनन्द, आत्मानन्द क्षेत्रको विकासका साथै फाल्गुनन्द भाषा संस्कृति संरक्षण प्रतिष्ठान गठन गर्ने चालू आर्थिक वर्षको बजेटमा व्यवस्था गरेको छ । प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री शमशेर राईका अनुसार 'किरात सभ्यतालाई शीरमा राखेर आदिवासी जनजातिको पहिचान कायम गर्दै माग र मुद्दा सम्बोधनका लागि आन्दोलनरत पक्षसँग वार्ता समिति गठन गरिएको हो ।'

## मिनी...

राष्ट्रिय सभामा पनि विधायनसम्बन्धी विधेयक २०८०, शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयसम्बन्धी विधेयक समितिहरुमा विचाराधिन अवस्थामा रहेका छन् । अध्यागमन विधेयक राष्ट्रिय सभामा नै विचाराधिन अवस्थामा रहेको छ । संसद सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार प्रतिनिधि सभाका विभिन्न समितिहरुमा १२ वटा विधेयकहरु रहेका छन् । त्यसले आफ्नो प्रतिवेदनहरु छिटो बुझाएको अवस्थामा ती विधेयकहरु कानून बन्ने प्रक्रियामा जान सक्छन् । संसदमा जनताका आवाजहरुलाई उठाउने विषय तथा प्रधानमन्त्री र मन्त्रीहरुसँगको प्रश्नोत्तर कार्यक्रमलाई पनि विजनेसकै रुपमा लिइने गरिन्छ ।

सरकारले माघ तेस्रो साता संसदको हिउँदे अधिवेशन बोलाउने तयारी गरेको छ । त्यसलाई प्रभावकारी बनाउने विषयमा कार्यतालिका नै बनाएर अघि बढ्ने विषयमा पनि संघीय संसद सचिवालयले मस्यौदा बनाएर छलफल अघि बढाएको छ ।

## पुराना...

त्यसपछि अख्तियारले रोकेको छ । त्यसपछि अर्थ मन्त्रालयलाई रकम माग गरेर पत्र पठाएको छु, कहिले रकम आउँछ भन्ने टुंगो छैन । यता श्रम स्वीकृतिको काम समयमा नभएको भन्दै सेवाग्राहीको गुनासो ह्वात्तै बढेको छ ।' महानिर्देशक घिमिरेले विभागको बेहाल अवस्था हुनुमा यसअघिका महानिर्देशकहरुको कमजोरी जिम्मेवार रहेको जिकिर गरे । दुई वर्षका लागि भनेर यसअघि विभाग गएका तत्कालीन महानिर्देशक मदन दहाल सात महिनामा नै सरुवा भएर मन्त्रालय फर्केका थिए । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले प्रणाली सुधारका लागि तत्कालीन महानिर्देशक दहालले ध्यान नदिएको बताएको थियो ।

महानिर्देशक घिमिरेले यसअघि जिम्मेवारी सम्हालेका कुनै पनि महानिर्देशकको नाम नलिइ भने, 'जिम्मेवारी लिएकाहरुले जिम्मेवार भइ समयमै काम गरेको भए आज यो दुर्दशा देख्नुपर्ने थिएन । अर्थ मन्त्रालयले रकम निकासा नदिए फेमिसमा देखिएको कमजोरी र अस्तव्यस्तता अझै लामो समय यथावत रहने अवस्था छ । यो प्रणाली डट नेटको समयमा विकास भएको सिस्टम हो । यसको प्यारालल सिस्टम नभइ हुँदैन । सरकारी निकायको खातामा रकम नभएको खण्डमा टेण्डर गर्न नपाउने कानूनी व्यवस्था छ । सरकारले बजेट उपलब्ध गराए यो वर्षभित्र नै टेण्डर प्रक्रियामा जान सक्ने अवस्था छ ।'

फेमिस अत्यन्तै कमजोर स्थितिमा रहेको र पटक-पटक सर्भर डाउन हुँदा सेवाग्राहीलाई समयमा सेवा दिन नसकेको अवस्थामा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मन्त्रालयलाई केही दिनअघि निर्देशन दिँदै (फेमिस)लाई मुलुकका सबै ७ सय ५३ स्थानीय तहमा जोड्न भनेका थिए । प्रधानमन्त्रीको निर्देशनपछि आफू असमञ्जस्यमा परेको टिप्पणी महानिर्देशक घिमिरेले गरे । उनले प्रश्न गर्दै भने, 'हाल श्रम स्वीकृति प्रक्रियामा १५ वटा संस्था जोडिएको अवस्थामा चल्न नसकेको फेमिस मुलुकका सबै ७ सय ५३ स्थानीय तहमा जोडे के हालत होला ?'

वैदेशिक रोजगार विभागले सञ्चालन गर्ने फेमिसमा हाल विभागसहित विदेशस्थित नेपाली नियोग, म्यानपावर कम्पनी, स्वास्थ्य परीक्षण गर्ने मेडिकल, ओरियन्टेशन संस्थाहरु, बीमा कम्पनी, सामाजिक सुरक्षा कोष, बैंकहरु, ईसेवा, वैदेशिक रोजगार बोर्डलगायत करिब आधा दर्जन संस्थाहरु जोडिएका छन् ।

उनले फेमिस धेरै पुरानो प्रणाली भएको र यसलाई रुपान्तरण नगरेसम्म काम गर्न नसकिने स्पष्ट हुँदाहुँदै त्यस बिषयमा प्रधानमन्त्री दाहाललाई समेत सही जानकारी नदिइएको गुनासो गरे । महानिर्देशक घिमिरेले भने, 'फेमिसको प्यारालल हुने गरी अर्को प्रणाली निर्माण नगर्ने हो भने फेमिस कुनैपनि बेला कोल्याप्स हुने त्राही त्राही छ । तर प्रधानमन्त्रीलाई ७ सय ५३ स्थानीय तहलाई यसैमा जोड्न उपयुक्त हुने सल्लाह दिइयो ।'

कार्यालय समयमा फेमिस नचले पनि कार्यालय समय सकिएपछि भने फेमिस चल्ने गरेको गुनासोको विषयमा पत्रकारहरुको प्रश्नमा महानिर्देशक घिमिरेले भने, 'कसैले गडबडी गरेर व्यक्तिगत लाभका लागि अनुचित काम गर्छ भने स्पष्टरुपमा सोही कर्मचारी जवाफदेही रहने छ ।' महानिर्देशक घिमिरेले दश हजार रुपैयाँ सेवा शुल्कको निर्णयले कामदारलाई नै समस्यामा पारेकाले वैदेशिक रोजगारको लागत र शुल्क निर्धारणको विषय खुला बजारलाई छोड्नु उपयुक्त हुने बताए ।

## जिट्को...

सामूहिकरुपमा वैदेशिक रोजगार विभागका महानिर्देशकलाई भेट गर्ने तयारी रहेको व्यवसायीहरुले बताएका छन् ।विभागले पुरानो लाइसेन्स तत्काल नवीकरण र जिट्को सूचीकरण हुन चाहनेहरुलाई आवेदन खुलाउनुपर्ने उनीहरुले माग गरेका छन् ।


**मोटरसाईकल हरायो**

मिति २०८०/०९/२९ गते अन्दाजी १ बजे रातीको समयमा दोलखा जिल्ला गौरीशंखर गा.पा.–०६, गुरीफी कामना माई मेलामा बा.प्र.-०२-०२६ प-०८५१ नम्बर कालो रातो रङको 220cc को पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

सवारी धनी : दिपालाल तामाङ
ईन्जिन नं. : DKXCMM 64054
च्यासिस नं. : MD2A13EX2MCM31411
सम्पर्क नं. : ९८४४२३९६९५

**Haldibari Rural Municipality**
**Office Of Municipal Executive**
Jalthal, Jhapa, Koshi Province, Nepal

**Invitation for Electronic Bids**

**Date of publication : 2080-10-07 (2024-01-21)**

1. Haldibari Rural Municipality Invites electronic bids for eligible bidders for the following Bids under National Competitive Bidding – Single Stage One Envelope Bidding procedures specified in public procurement Act and Regulation. The name and identification of the contract are as follows:

| Contract ID No | Name Of The Procurement | Bid Security Amount(Nrs) | Bid Document Fee (NRs) | Last date of bid submission | Bid opening Date |
|---|---|---|---|---|---|
| HRM/WORKS/ BUILDING/ NCB/12-080/81 | Construction Of Animal Treatment Hospital At Haldibari Rural Municipality. | 2,00,000.00 | 3,000.00 | 2024-02-20, 12:00 | 2024-02-20, 14:00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Office Of Haldibari Rural Municipality or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents Can Be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the account as specified Below

*Name of Bank : Citizens Bank International Ltd*

*Name of Office : Haldibari Rural Municipality*

*Office Account no.: 0630100000001202 (Haldibari Aantarik Rajaswa Khata)*

*Office Account no.: 0630100000017201 (Haldibari Dharauti Khata)*

4. Pre-bid meeting shall be held only for Single Stage One Envelope Bidding procedures at Office Of Haldibari Rural Municipality at 2024-02-09 At 11 am.
5. Bids must be valid for a period of 90 Days for Single Stage One Envelope Bidding procedures after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. All other conditions of the bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064.
8. The Employer reserves the right to accept or assigning any reason, whatsoever.

**Chief Administrative Officer**

**Masta Rural Municipality**
**Office of the Rural Municipal Executive**
Bhatekhola, Bajhang
Sudurpaschim Province, Nepal

**Invitation for Bid**

**Date of publication: (Jan-21, 2024) (2080/10/07)**

1. The Masta Rural Municipality Bhatekhola, Bajhang invites Online Bids from eligible bidders for the Construction of the following works.

| Contract Identification no. | Description Of Work | Estimated Amount (Exclusive VAT) | Bid Doc. Fee NRs | Bid Security NRs | Bid Security Validity | Remarks |
|---|---|---|---|---|---|---|
| MRM-RD-2080/81-04 | 7 No. Ward Office, Kadapani hudai Talkot Jodne Sadak Nirman Yojana. | 67,96,220.891/- | 3000.0/- | 2,03,800- | 120 days | |
| MRM-PICC -2080/81-05 | Panachhal Kinada Irrigation Cannel Construction Project. | 41,63,557.18/- | 3000.0/- | 1,24,000- | 120 days | |

2. Eligible Bidders may obtain further Information from PPMO website: www.bolpatra.gov.np/egp.

| Last Date and Time For Bid Purchase | Last Date and Time for Bid Submission | Date and Time for Bid Opening |
|---|---|---|
| Date:Feb-20,2024 12:00 Noon | Date:Feb-20, 2024 12:00 Noon | Date: Feb-20, 2024 13:00 Hour |

| Cash Deposit For Purchases of Bid Document | | Cash Deposit For Bid Security | |
|---|---|---|---|
| Bank | Rastriya Banijya Bank, Bajhang | Bank | Rastriya Banijya Bank, Bajhang |
| Account Name | Masta Rural Municipality | Account Name | Masta Rural Municipality |
| Account Number | 4110100301010006 | Account Number | 4110100303000006 |
| Office Code | 801077010 | Office Code | 801077010 |
| Revenue Head | 31159 | Revenue Head | 31159 |

**Chief Administrative Officer**

माघे संक्रान्तिको महत्वका बारेमा कार्यक्रम संयोजक देवी कुमारी मगरले प्रकाश पारेकी थिइन् । औपचारिक कार्यक्रमलाई संघका महासचिव समीर थापा मगरले तथा सांस्कृतिक कार्यक्रमलाई संघका सचिव सोम थापा मगर र कार्यक्रमकी उप-संयोजक तथा केन्द्रीय सदस्य रबिना मगरले संयुक्तरूपमा सहजीकरण गरेका थिए । दीप प्रज्वलन, राष्ट्रिय गान, ज्ञात अज्ञात शहीदप्रति सम्मान गर्दै एक मिनेट मौन धारणासहित औपचारिकरूपमा शुरुवात गरिएको कार्यक्रममा द्वितीय उपाध्यक्ष कुमार राहादी मगरले स्वागत मन्तव्य राखेका थिए ।

**प्रवास डायरी**
तिलु शर्मा पौडेल/मध्यान्ह

# कतारमा मनाइयो माघ्या सकराटी



नेपाल मगर संघ, शाखा कतारको आयोजनामा मगरहरूको राष्ट्रिय प्रमुख सांस्कृतिक पर्व माघ्या सकराटी (मिनाम सार ल्हेस) ५०१७ भव्य रूपमा मनाइएको छ । शुक्रबार अलअरवी स्पोर्टस क्लबको हलमा वनभोज तथा विविध सांस्कृतिक कार्यक्रमसहित सम्पन्न कार्यक्रममा संघका अध्यक्ष रेसम आले मगरको अध्यक्षता र कतारस्थित नेपाली दूतावासका प्रथम सचिव कृष्ण कुमार सुवेदीको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा नेपालबाट आमन्त्रित कलाकारहरूले धमाका मच्चाएका थिए । अतिथि कलाकारका रूपमा आमन्त्रित लोक तथा दोहोरी गायिका रुपी सिंजाली मगरले सांगीतिक प्रस्तुति राख्नु पूर्व आफ्नो पहिलो विदेशको सांगीतीक कार्यक्रम रहेको बताउँदै आफूले धेरै चलेका गायिकाहरूसँग कोरसमा गीत गाउने गरेको स्मरण गर्दै आयोजकप्रति कृतज्ञता प्रकट गरिन् । उनले कार्यक्रमको पहिलो चरणमा २ वटा गीत प्रस्तुत गरिन् ।

त्यसपछि स्टेजमा उक्लिएका कमेडियन, गायक तथा सर्जक अर्जुन कुँवरले आफ्ना चर्चित आँशुको कारखाना, दिल खोलेरलगायतका गीतहरू प्रस्तुत गरे । दुई चरण गरेर सांगीतिक प्रस्तुति दिएका अतिथि कलाकारहरूमध्ये गायक, सर्जक तथा संगीतकार डोलराज बाह्रघरेले आयो संक्रान्ति, संक्रान्तिको शुभकामना, साइँलो घयरी वनमालगायतका आफ्ना चर्चित गीतहरू प्रस्तुत गरे ।

सीमित मात्र मन्तव्य रहेको कार्यक्रममा अतिथि नृत्यंगना अस्मिता रानाले चर्चित नेपाली लोक दोहोरी मसुप गीतमा आफ्नो नृत्य प्रस्तुत गरिन् । दोस्रो चरणमा स्टेजमा चढेका सबै अतिथि कलाकारले आफ्ना हिट गीतहरू पेस गरे भने कुँवरले गुल्मी छापा हिलेमा पञ्चेबाजा गीतले उपस्थितलाई नचाए । कार्यक्रम अवधिभर संघमा आवद्ध विभिन्न कलाकारहरूले स्वागत नृत्यसहित सामूहिक नृत्य र एकल गायन प्रस्तुत गरेका थिए ।

कार्यक्रममा कमेडियनसमेत रहेका कुँवरले आफ्नो हास्य प्रस्तुतिमार्फत उपस्थितलाई हसाएका थिए । जनजाति परम्पराअनुसार किरात मूल समारोह आयोजक समिति, तमु (गुरुङ) समाज, नेपाल प्रवासी तामाङ समाज, थारु कल्याणकारी सभा, किरात याक्थुङ चुम्लुङलगायतका जनजाति महासंघमा आवद्ध मातृसंस्थाहरुले आयोजक संघलाई कोसेली उपहार स्वरूप प्रदान गरेका थिए । मातृसंस्थाहरुले यसरी नै कोसेली उपहार दिने र कार्यक्रमका सभापति, प्रमुख अतिथिलगायतलाई खादा, फेटाले सम्मान गर्ने प्रचलन रहेको छ ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि सुवेदीले यो चाड मगर समुदायबाहेक अन्य जाति तथा नेपाली समुदायले आ-आफ्नै तरिकाले भव्यरूपमा मनाउने एक राष्ट्रिय पर्व भएको बताए । कार्यक्रममा एनआरएन एनसीसी कतारका अध्यक्ष रमेश भट्ट, वैचारिक संस्था, प्रदेशस्तरीय संस्था, जिल्लास्तरीय संस्था, जातीयलगायत विभिन्न संघ संस्थाका अध्यक्ष तथा प्रतिनिधिको आतिथ्यता रहेको थियो भने विभिन्न वक्ताहरूले शुभकामना मन्तव्यसमेत दिएका थिए ।

कार्यक्रमको समापन गर्दै सभापति मगरले कार्यक्रमलाई सफल बनाउन अहोरात्र खटेका विभिन्न एरिया कमिटी स्वयंसेवक र विभिन्न दाताहरूलाई धन्यवाद ज्ञापन गरेका थिए । कार्यक्रममा

## युवा व्यवसायी गुरुङले कतारमा सञ्चालनमा ल्याए ‘भीआईपी लाउन्ज’

केही दिन पहिले मात्र एक नाइट क्लबको भव्य उद्घाटन गरेका युवा व्यवसायी उत्तम गुरुङले अर्को नयाँ व्यवसायको थालनी गरेका छन् । कतारको मुटु मुग्लीनामा रहेको भीआईपी होटलमा ‘भीआईपी लाउन्ज’को शुक्रबार राति समुद्घाटन गर्दै नयाँ व्यवसायको थालनी गरेका हुन् । नेपालबाट एक सांगीतीक कार्यक्रममा प्रस्तुति दिन कतार आएका चर्चित गायिका मिलन नेवार, चर्चित गायक कृष्ण रेउले र एनआरएनए एनसीसी कतारका अध्यक्ष रमेश भट्टले संयुक्तरूपमा रिबन र केक काटेर लाउन्जको समुद्घाटन गरेका हुन् । समुद्घाटन पश्चात बोल्दै गायिका नेवारले बधाई दिँदै लाउन्जको शाखा दर्जन ठाउँमा फैलाउन सफल हुन शुभकामना दिइन् । रेउलेले कतारमा पनि नेपाली व्यवसायीहरू बढ्दा देशको अर्थतन्त्रमा टेवा पुग्ने विश्वास व्यक्त गरे । २४सै घण्टा सेवा उपलब्ध गराउने लक्ष्यसहित समुद्घाटन गरिएको लाउन्जमा चिया, कफी, हुक्का, विभिन्न देशका खानाका परिकारसहित पेय पर्दाथ उपलब्ध छन् । ग्राउण्ड फ्लोरमा बाहिरपट्टी कर्नरमा रहेको लाउन्जमा जति बेला पुगे पनि आफूहरू सेवामा तयार रहने सञ्चालक गुरुङले मध्यान्ह दैनिकसँगको कुराकानीमा बताए ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति २०८०/१०/०७**

यस कम्पनीको मिति २०८०/०९/१७ मा सम्पन्न वार्षिक साधारण सभाको निर्णय अनुसार तथा मिति २०८०/०९/१९ को कम्पनी रजिष्ट्रार कार्यालयको स्वीकृति अनुरुप साविक **मयुर मल्टिपर्पोज प्रा.लि. दर्ता नं. (२३८५१४।०७७।०७८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा ऋण, धन, कर तथा दायित्व परिवर्तित नामको **मयुर मल्टिट्रेडिङ प्रा.लि.** अंग्रेजीमा **Mayur Multitrading Pvt. Ltd.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**Invitation for Bids**

## Dhangadhi Sub-Metropolitan City
## Office of the Municipal Executive

**Dhangadhi, Kailali**

**Invitation For The Bids**

**Date of Publication (Second Times): 21st January 2024 (2080/10/07 B.S.)**

1. Dhangadhi Sub-Metropolitan City, Office of the Municipal Executive invites electronic bids from eligible bidders for the works mentioned below under National Competitive Bidding.

| S.N. | Contract Identification Number | Description of Work | Bid Security (NRs) | Bid Document Price (NRs) | Estimated amount Excluding VAT and PS | Remarks |
|---|---|---|---|---|---|---|
| 2 | 42/DSMC/2080/081 | Maintenance of Roads at Ward No. 9, 12,14,15,18 and 19 DSMC | 2,85,000/- | 3,000/- | 1,12,38,822.55 | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Dhangadhi Sub-Metropolitan City Office, Dhangadhi, Kailali, Email: dhangadhimun2013@gmail.com, Phone no. +977-091-525506 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## आँबुखैरेनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**आँबुखैरेनी, तनहुँ**
**गण्डकी प्रदेश, नेपाल**

**नदीजन्य पदार्थको उतखनन् तथा बिक्रिका लागि बोलपत्र (E–BID) आह्वान सम्बन्धी सूचना**

**(प्रकाशित मिति २०८०।१०।०७** (January 21, 2024 A.D.)

स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ६२ क, आँबुखैरेनी गाउँपालिकाको १३/१४औं गाउँसभाको निर्णय, मिति २०८०।०९।१६ गतेको आँबुखैरेनी गाउँ कार्यपालिकाको निर्णय र यस आँबुखैरेनी गाउँपालिकाको आर्थिक ऐन, २०८० को दफा १४ को व्यबस्था बमोजिम तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी आँबुखैरेनी गाँउपालिकाले तोकेको दरमा बिक्रि गर्ने गरी बढाबढमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ठेक्का (E–BID) प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । विस्तृत जानकारीका लागि कार्यालय समयभित्र यस कार्यालयको फोन नं. ०६५-६४००८२, ०६५-५४०६९९, https://www.bolpatra.gov.np/egp/ र कार्यालयको वेवसाइटमा सम्पर्क गरी जानकारी लिन सुचित गरिन्छ ।

**तपशिलः**

| सि. नं. | सूचना न. /बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घ फि) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू अ कर वाहेक) | घरौटी रकम (कर सहित) | बोलपत्र फारम दस्तुर(रु) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | राजस्व/ ०२/२०८०/०८१ | आँबुखैरेनी गाँउपालिका वडा नं १ भएर वग्ने (बरादी घाट) मर्स्याङ्दी नदिको ढुंगा, गिटि, बालुवा आदी उत्खनन् तथा बिक्री कार्य | ५३६०१७.९१ | ४८,२४,१६१।२३ | कर सहितको कबोल अंङ्को ५ प्रतिशत | रु. ३,००० ।- | दोस्रो पटक १५ दिने सूचना |
| २ | राजस्व/ ०३/२०८०/०८१ | आँबुखैरेनी गाँउपालिका वडा नं ३ भएर वग्ने - आँबुखैरेनी-३, कुडुलेघाट मर्स्याङ्दी नदिको ढुंगा, गिटि, बालुवा आदी उत्खनन् तथा बिक्री कार्य । | ६१६९४२.९ | ५५,५२,४८५।७२ | कर सहितको कबोल अंङ्को ५ प्रतिशत | रु. ३,००० ।- | दोस्रो पटक १५ दिने सूचना |
| ४ | राजस्व/ ०५/२०८०/०८१ | आँबुखैरेनी गाँउपालिका वडा नं ६ भएर वग्ने (कुप्ती खोला घाट) सेती नदिको ढुंगा, गिटि, बालुवा आदी | २४८१३८.५४ | २२,३३,२४६।८३ | कर सहितको कबोल अंङ्को ५ प्रतिशत | रु. ३,००० ।- | दोस्रो पटक १५ दिने सूचना |
| ५ | राजस्व/ ०६/२०८०/०८१ | आँबुखैरेनी गाँउपालिका वडा नं ६ भएर वग्ने (लमिनि टापु घाट) सेती नदिको ढुंगा, गिटि, बालुवा आदी | ७०५७५१.०४ | ६३,५१,७५९।३६ | कर सहितको कबोल अंङ्को ५ प्रतिशत | रु. ३,००० ।- | दोस्रो पटक १५ दिने सूचना |
| ६ | राजस्व/ ०७/२०८०/०८१ | आँबुखैरेनी गाँउपालिका वडा नं ६ भएर वग्ने (भुत खोला घाट) सेती नदिको ढुंगा, गिटि, बालुवा आदी | ७६६०६.८० | ६,८९,४६१।२४ | कर सहितको कबोल अंङ्को ५ प्रतिशत | रु. ३,००० ।- | दोस्रो पटक १५ दिने सूचना |
| ७ | राजस्व/ ०८/२०८०/०८१ | आँबुखैरेनी गाँउपालिका वडा नं १ भएर वग्ने (सत्रसय घाट) मर्स्याङ्दी नदिको ढुंगा, गिटि, बालुवा आदी उत्खनन् तथा बिक्री कार्य | ३५७४९७.४३ | ३२,१७,४७७.०० | कर सहितको कबोल अंङ्को ५ प्रतिशत | रु. ३,००० ।- | प्रथम पटक ३० दिने सूचना |
| ८ | राजस्व/ ०९/२०८०/०८१ | आँबुखैरेनी गाँउपालिका वडा नं २ भएर वग्ने (मार्किचोक) मर्स्याङ्दी नदिको ढुंगा, गिटि, बालुवा आदी उत्खनन् तथा बिक्री कार्य | ३९०५०९.५८ | ३५,१४,५८६.५९ | कर सहितको कबोल अंङ्को ५ प्रतिशत | रु. ३,००० ।- | प्रथम पटक ३० दिने सूचना |

**प्रमुख प्रशासकीय अधिकृत**
**आँबुखैरेनी गाउँपालिका**



मध्यान्ह
www.madhyanhadaily.com
७ माघ २०८०, आइतबार
21 January 2024, Sunday

## सम्पादकीय

### सिके राउतको अलमल

पृथकतावादी नारा लिएर राष्ट्रिय राजनीतिमा आएका सिके राउत एक वर्षयता चरम अलमलमा देखिन्छन् । गत वर्ष मंसिरको चुनावमा मधेश आन्दोलनकै नेता उपेन्द्र यादवलाई सप्तरी–२ बाट पराजित गरेपछि राउतमा अलमल बढेको छ । त्यसअघि भने उनको गतिविधि प्रष्ट थियो । सरकारसँग वार्ता गरेर मूलधारको राजनीतिमा फर्किएका राउतले शान्तिपूर्ण संघर्षको कार्यक्रम गरिरहेका थिए । विशेषगरी मधेशमा किसानको एजेण्डा लिएर लगातार विरोध कार्यक्रम चलाएका थिए । त्यसबेला मधेशका अरू नेताहरू सत्ता राजनीतिमा अल्मलिएका थिए । तत्कालीन जनता समाजवादी पार्टी (जसपा) विभाजन हुँदाको लाभ समेत उनले उठाएर राष्ट्रिय राजनीतिमा आएका नेता हुन्, राउत । आफैले उपेन्द्रलाई हराउँदा मधेश र लुम्बिनी प्रदेशसभामा उनी नेतृत्वको जनमत पार्टीको राम्रै प्रतिनिधित्व भयो । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) राष्ट्रिय दल समेत नबनेको र उपेन्द्र यादव आफै पराजित हुँदा राउत नेतृत्वको जनमत पार्टी राष्ट्रिय शक्ति बन्यो ।

यसरी राष्ट्रिय राजनीतिको एक हिस्सा बन्न सफल जनमत पार्टीको संसदीय यात्रा चाहिँ प्रभावकारी बन्न सकिरहेको छैन । जता सत्ता, उतै जनमतको अवस्थामा राउत अल्मलिएका छन् । एक वर्षकै अवधिमा राउतले संघीय सरकारमा दुई मन्त्री फेरेका छन् । कयौं गतिविधि सत्ता इतर बनेर चलाइरहेका छन् । आगामी ११ माघमा हुने राष्ट्रियसभा चुनावमा पनि राउतको जनमत पार्टीले अलग्गै उम्मेद्वारी दिएको छ । सत्तारूढ गठबन्धनका उम्मेद्वारीलाई समर्थन जनाएका छैनन् । यसअघि गत वैशाखमा सम्पन्न उपनिर्वाचनमा त जनमत पार्टी सत्तारूढविरूद्ध मुख्य प्रतिस्पर्धी शक्ति नै बन्न पुगेको थियो ।

तर सत्तामा चाहिँ छोडेका थिएनन् । मधेश प्रदेशमा पनि राउत नेतृत्वको जनमत सरकारमै छ । सरकारमा रहने, तर पूर्ण स्वामित्व नलिने नीति जनमतले लिदै आएको छ । जुनसुकै बेला सत्ता छोड्न सक्ने चेतावनी दिने जनमतका मन्त्रीहरूलाई सरकारबाट हटाउने निर्णय सत्तारूढले पनि गर्न सकेको देखिदैन । केही दिन अगाडि सिके राउत, संघीय मन्त्री रहेकी अनिता देवी लगायत माइतीघरबाटै पत्राउ परेका थिए । राउत सहित अरू नेताहरूले कहिल्यैपनि सरकारको बचाऊ गर्दैनन्, तर विपक्षमा पनि बसेका छैनन् । यसले सिके राउत र उनको पार्टी जनमत ठूलै अलमलमा रहेको देखिन्छ । जबकी यिनै राउत हुन्, जसले पृथकतावाद जस्तो गम्भीर प्रश्न उठाउन पछि परेका थिएनन् ।

# शालीनदी र माघको चर्चा

धर्म-संस्कृति



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

साँखु बजारबाट एक-डेढ किलोमिटर पूर्वतर्फ शालीनदी क्षेत्र रहेको छ । प्रसिद्ध नदीकै नामबाट यो क्षेत्र शालीनदी क्षेत्रले चिनिन्छ । साँखु बजारबाट शालीनदी क्षेत्र हुँदै पालुबारी एवम् नगरकोट-तेलकोट हुँदै भक्तपुर जोड्ने सडक बनेको छ । हाल त्यहाँ यातायातको राम्रो सुविधा छ ।

शालीनदी श्रीस्वस्थानी देवीको अति पावन पीठ हो । पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म यहाँ श्रीस्वस्थानी देवीको व्रत उपासना गरिन्छ । स्कन्दपुराण, केदार खण्डका अनुसार हरेक हिन्दु धर्मावलम्बीहरूका घरघरमा श्री स्वस्थानी देवीको व्रतउपासना गर्ने, स्वस्थानी कथा भन्ने, सुन्ने चलन रहेको छ । स्वस्थानी व्रतकथाअनुसार सत्ययुगमा हिमालयपुत्री पार्वतीले महादेवलाई पति पाउन यो व्रत गरेकी थिइन् । माघ स्नान गर्ने क्रममा शालीनदीमा स्नान गरी नजिकै रहेका हरिहरको पूजा आराधना र स्वस्थानी देवीको पूजा गरेमा इच्छित फल प्राप्त हुन्छ । शालीनदीको जल अर्चन गर्दैमा पनि शरीरको रोग निको हुने, आरोग्य प्राप्ति हुने, तनमा कान्ति र मनमा शान्ति प्राप्त हुने विश्वास गरिन्छ । अघि यहीँ व्रत उपासना गरेर कुरूप भएकी चन्द्रावतीले सुन्दर वदनयुक्त शरीर प्राप्त गरेकी थिइन् ।



शालीनदीमा स्नान गरेर चन्द्रावतीले गुमेका आफ्ना पति नवराजलाई पाएकी थिइन् । शरीरमा नवकान्ति प्राप्त गरेर नजिकै रहेको लावण्यदेशकी रानी भएकी थिइन् । गोमानामकी ब्राह्मणीले हराएको आफ्नो पुत्र नवराज प्राप्त गरेकी थिइन् । विछोड भएका नाग-नागिनीको पुनर्मिलन भएको थियो । धनधान्य र आफ्नो अटल सौभाग्य अनि वैभव प्राप्त गर्न चाहनेहरू श्रीस्वस्थानीको उपासना शालीनदी क्षेत्रमा बसेर गर्ने गर्छन् । वर्षेनी हज्जारौं व्रतालुहरू शालीनदीमा स्नान गर्ने गर्छन् । हात गोडाको नङ्ग काटी, शुद्ध भई, एकभक्तिले रही, नित्य महादेवको पूजा गरी, ठूलो उत्साहका साथ व्रत उपासना गर्छन् । तिनीहरू व्रतकै क्रममा चाँगुनारायण, पनौती, पशुपति क्षेत्रसम्म पुग्छन् । व्रत प्रतिष्ठा गर्दै माघ शुक्ल पूर्णिमामा श्रीस्वस्थानी देवीको व्रत साङ्ग गरी विशेष यज्ञ समेत गर्छन् ।

माघ महिनामा शालीनदी क्षेत्र साँखु शहर नयाँ दुलही झैं झपक्क सिंगारिएको हुन्छ । साँखुलाई पहिले लावण्य देश भनिन्थ्यो । नवराज राजाले राज्य गरेको क्षेत्र अहिले पनि सुन्दर छ । कुनै बेला यहाँ शंखदेव नामक राजाले राज्य गरेका थिए भन्ने भनाइ छ । यसअर्थमा यहाँको नाम शंखपुर र पछि शंखरापुर भनिन थाल्यो । शंखरापुरपछि अपभ्रंश हुँदै साँखु नामले चिनिन पुग्यो ।

शालीनदी क्षेत्रमा प्रसिद्ध माधव नारायणको मूर्ति, ठूला-ठूला पाटी र सत्तलहरू छन् । यहाँ सधैं जसो कथा प्रवचनहरू भैरहन्छन् । चार सय मिटर जति दक्षिण समथर क्षेत्रमा चन्द्रावतीको शिला छ । स्वस्थानी कथाअनुसार यहाँ चन्द्रावतीलाई डोलीमा बोकेर ल्याउँदा हावाहुरीमा परी लडेका डोलेका शिलाहरू पनि छन् । चन्द्रावती बस्ने सानो छाप्रो (कुटी) पनि छ । स्वर्गदेखि अप्सराहरू आएर यहाँ माघ स्नान र श्रीस्वस्थानी देवीको पूजा उपासना गरेकाले यो क्षेत्र पुण्य क्षेत्र भएको हो । यसै क्षेत्रमा बसेर चन्द्रावतीले स्वस्थानी देवीको उपासना गरेकी हुन् । स्वस्थानी देवीको स्वरूप यस्तो छ । सुवर्णकी, तीन नेत्रधारी, प्रसन्न मुद्रामा रहेकी, कमल नयनी, सिंहासनमा बसेकी, ४ हात भएकी देवीले सम्पूर्ण भक्तहरूको मनोकांक्षा पूरा गर्छिन् भन्ने जनविश्वास रहेको छ । एक हातमा नीलकमल, अर्को हातमा शंख र अर्को हातमा ढाल अनि अर्को हातमा वरदमुद्रा लिएकी देवीले

*शालीनदी श्रीस्वस्थानी देवीको अति पावन पीठ हो । पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म यहाँ श्रीस्वस्थानी देवीको व्रत उपासना गरिन्छ । स्कन्दपुराण, केदार खण्डका अनुसार हरेक हिन्दु धर्मावलम्बीहरूका घरघरमा श्री स्वस्थानी देवीको व्रतउपासना गर्ने, स्वस्थानी कथा भन्ने, सुन्ने चलन रहेको छ । स्वस्थानी व्रतकथाअनुसार सत्ययुगमा हिमालयपुत्री पार्वतीले महादेवलाई पति पाउन यो व्रत गरेकी थिइन् ।*

आमभक्तहरूको सदिच्छालाई साकार पार्छिन् । स्वस्थानीको शाब्दिक अर्थ हुन्छ- आ-आफ्नो स्थानमा बसेर आ-आफ्नो भूमिका र कर्तव्य निर्वाह गर्नु, पथभ्रष्ट नहुनु, कर्तव्यच्यूत नहुनु, सम्पूर्ण क्षेत्रबाट सबैले आ-आफ्नो पदीय आचरण, मर्यादाअनुकुलको विधि व्यवहार गर्न सकेमा सबैतिरका जनताको कल्याण हुन्छ ।

साँखु (शंखरापुर) प्राचिन समयदेखि नै पावन क्षेत्र हो । काठमाडौंको उत्तरपूर्वी क्षेत्र साँखु सिन्धुपाल्चोक जिल्ला-लप्सेफेदी-नाङ्लेभारे-फटक शिलातर्फ जाने प्रवेशद्वार नै हो । बजारको उत्तरढोका बाहिरपट्टि प्रसिद्ध ६४ ज्योतिर्लिङ्गमध्येको पावन ज्योतिर्लिङ्गेश्वर मन्दिर रहेको छ । परम्परागत शैलीमा निर्मित यो मन्दिरमा सुनको जलप लगाइएको गजुर छ । इँटाको गाह्रो, झिँगटीको छानो भएको दुईतले कलात्मक मन्दिरलाई ज्योतिर्लिङ्गेश्वर मन्दिरको नामले चिनिन्छ । नित्य पूजा-आरती भइरहने यो मन्दिरको पूर्व, दक्षिण र उत्तरसमेत तीनैतिर सडकले छोएको छ भने उत्तरपट्टि खाली जमिन कैलाश क्षेत्र छ । गणेश, शिव, देवीहरूका मन्दिर पनि रहेको यो क्षेत्रमा शालीनदी स्नान गरी यहाँ विशेष पूजा गर्नेहरूको भीड लाग्छ । शिव र शक्तिको संयुक्त उपासना गर्ने नेपाली परम्पराअनुसार शिवजी विराजमान रहनुभएको यो क्षेत्रमा दर्शनार्थीहरूको घुइँचो लाग्ने गर्छ ।

वैशाख शुक्ल पूर्णिमाका दिन यस मन्दिर परिसरमा विशेष पर्वपूजा हुनेगर्छ । स्कन्दपुराण, हिमवत्खण्ड, नेपालमाहात्म्य अध्याय १२२ अनुसार सनातनकुमारले विशेष व्रतउपासना गरेपछि शिवजी खुसी भएर वरदान माग्न भन्नुभयो । साथै सनातनकुमारलाई चिरञ्जीवी हुने वरदान पनि दिनुभयो । सुरुमा ब्रह्माजीबाट सृष्टि भएका छ कुमारमध्येका सनातनकुमारले शिला स्थापना गरी यहाँ बसेर शिवजीको तप गर्नुभएको थियो । शिव प्रकट भई सनातन कुमारलाई वरदान दिएपछि सनातनकुमारले स्थापना गरेका शिलाको नाम ज्योर्तिर्लिङ्गेश्वर भएको हो । एकपटक आफ्नो कर्तव्य च्यूत भएर कुसङ्गतका कारण दुराचारी भएका एक ब्राह्मण मृत्युपछि चराको मुख लिएर अशुचियोनिमा जन्म लिन पुगेछन् । के कारणले चराको जस्तो मुख भएको अशुचियोनिमा जन्म भएको होला भन्ने खोज अनुसन्धान गर्ने क्रममा उनले एक त्रिकालदर्शी ब्राह्मणलाई भेटेछन् । पूर्वजन्ममा आफूले गम्यागम्य, भक्षाभक्ष, पाप-पुण्यको कुनै परवाह नगरेका कारण यस्तो भएको कुरो ज्ञात भएपछि त्रिकालदर्शी ब्राह्मणको उपदेशअनुसार यसै ज्योतिर्लिङ्गेश्वरको उपासना गरेर आफू शुद्ध भएछन् । त्यसैबेलादेखि यस शिवलिङ्गको उपासना गर्न थालिएछ । आफ्नो शरीर शुद्ध र मन पवित्र राख्न चाहनेहरू यहाँ दर्शन, पूजा-आरती, रुद्रीपाठ गर्न जान्छन् ।

यस वर्षको स्वस्थानी आरम्भ र शालिनदी मेला यही माघ ११ गतेदेखि प्रारम्भ हुँदैछ । १ महिनासम्म चल्ने यस पर्वमा साँखुको शालि नदी तीर्थको भ्रमण गर्नेहरुको विशेष घुँइचो लाग्ने गर्छ । पंक्तिकारले बच्पनदेखि नै यहाँ हुने मेलाका बारे प्रत्यक्षः नियाल्ने गरेको छ । केटाकेटी उमेरको झल्को आउँछ महिनाभरिको मेलामा हजारको अँकमा मात्र दान भेटी खर्च वर्चको कुरा हुन्थ्यो, अब त करोड नाघेको छ । कलियुगमा सदा यज्ञ, हवनादि कार्य संभव हुँदैन । पर्वविशेषको तीर्थस्नानबाट यसको पूर्ति हुने कुरा शास्त्रहरुले पुष्टि गरेका छन् । स्वस्थानीश्रवण, माघस्नान एवम् शालिनदी लगायत विभिन्न क्षेत्रहरुमा गरिने पुण्यकर्मले सत्य, त्रेता, द्धापर आदि युगविशेषमा मानवले गर्ने सत्कर्मको फल प्राप्त हुने हुन्छ ।

मानवजीवनको उषाकाल सत्ययुग हो, ज्ञानको आरम्भको समय त्रेतायुग हो । ज्ञानको प्रयोगको समय द्धापरयुग हो । कलियुग धर्म र कर्म दुवैको समय हो । स्नानले तनशुद्धि, दानले धन शुद्धि, ध्यानले मनशुद्धि हुन्छ । दानमा महिना विशेष, समय विशेष तोकिएको छ । गाई, भूमि, तिल, बस्त्र, सुन, धान्यादि बस्तुहरुको दानले तन, मन, धन सवै पवित्र बन्छ । बैशाखमा जल र अन्नदानको महत्व बढी छ भने कार्तिकमा तप र पूजाको अधिक महत्व छ । माघमा भने यी सबै पुण्य केवल स्नानले मात्रै प्राप्त हुन्छ । सकाम भावले स्नान गरे मनोरथ पूरा हुने र निस्कामभावले स्नान गरे जीवनमा परमगति प्राप्त हुन्छ । अन्य पुण्यकर्मले स्वर्ग प्राप्ति र पुण्य क्षीण भएपछि स्वर्गबाट फिर्ता हुनुपर्छ भने माघस्नानबाट सदाको लागि दिव्यधाम प्राप्त हुने कुरामा शास्त्रहरुले गर्जन गरेका छन् ।

## सामाजिक सञ्जाल



- सुर्यराज आचार्य

सरकार र संसदको ध्यानाकर्षणः राज्यको ढुकुटीबाट बनेको संरचनामा शिलन्यास/उद्घाटनको निहुँमा कुनै राजनीतिक या अन्य पदाधिकारीको नाम लेख्ने प्रचलन बन्द होस् । आवश्यक परेमा नियम नै बनोस् । सभ्य मुलुकमा यस्ता कुरा दुर्लभ नै हुन्छन् ।



- चन्द्र श्रेष्ठ

राज्यको ध्यान खोइ कता छ, त्यो थाहा भएन तर, यहीँ एकथरी पीडक, अर्काथरी पीडित र तिनै पीडितका घाउमा मलम-पट्टी लगाउने हामी छौं भने केही, जो आफूलाई अभियान्ता भन्न रुचाउँछन् । यदि राज्यले सुशासनको प्रत्याभूति नागरिकमा दिलाउन सकेको भए यहाँ लुटमाथि अर्को लुटहा हौसिने थिएन कि !



- निर्मल प्रसाइँ

बसार्वजनिक पदमा बस्नेहरूबाट सम्पत्ति विवरण बुझाउन आलटाल, सम्पत्ति विवरण सार्वजनिक गर्न कानूनीरूपमा अनिवार्य छैन, भ्रष्टाचारलाई मलजल यसले गर्छ, देश गरिब यसरी बन्छ । पारदर्शिता नचाहिने, जवाफदेहिता नचाहिने, खारेज गरिदिए हुन्छ राष्ट्रिय सतर्कता केन्द्र । भ्रष्टचार अनूकुल व्यवस्था ।



- विश्वरसिंह मेवाहाङ

राणा शासन फालेपछि देश समृद्ध हुन्छ भनियो तर, भएन । पञ्चायती व्यवस्था फालेपछि पुनः देश समृद्ध हुन्छ भनियो तर, भएन । राजतन्त्र फालेपछि त देश समृद्ध भइहाल्छ भनियो तर, भएन । र, अहिले गणतन्त्र फालेपछि देश समृद्ध हुन्छ भनिँदैछ । व्यवस्था मात्र फेरेर देश समृद्ध नहुने रहेछ । देश ठगहरूलाई देश निकाला गर्नुपर्छ ।

# दानामा लुकेको स्वास्थ्य

स्वास्थ्य



● डा. अरूणा उप्रेती

*दाना खालका धेरै खानेकुरा हामीसँग पर्याप्त छन्, तर तिनको हामीले महत्व बुझ्न सकेका छैनौं । हामीले तिनलाई सही ढंगबाट खान सकेका छैनौं । बुझ्नुपर्ने कुरा, ति स्वास्थ्यका लागि निकै लाभदायक छन् ।*

माघे संक्रान्तिमा लड्डु त सबैले खायौं होला ! हेर्दा सानो लागे पनि लड्डुमा हालिने तिल स्वास्थ्यको लागि निकै नै लाभदायक छ । जुन स्वादमा मात्रै होइन, गुणमा पनि भरिपूर्ण छ । साथै, स-साना दाना मुगरेली, आलस, फर्सिको बिया, जिरा, भाँगो आदि पनि सुक्ष्म पोषक तत्वले भरिएका 'पौष्टिक खजाना' हुन् । यिनको प्रयोग गर्न साह्रै सजिलो छ । भुटेर, पिनेर, अचार बनाएर तरकारीमा हालेर अनेक तरिकाले खाने तिल, चाकुमा विभिन्न किसिमका शूक्ष्म पोषण तत्व हुने भएकाले बालबालिकालाई तिल र चाकु खुवाएको अवस्थामा शरीरको वृद्धि विकासमा लाभदायक हुन्छ ।

पहिले आलस अपहेलित थियो । अहिले धेरैले प्रयोग गर्न थालेका छन् । अहिले त यो क्याल्सियम, ओमेगा ३, रेशादार पदार्थको राम्रो स्रोत हो भन्ने



बुझाइ छ । साथै, यसले रोग प्रतिरोधात्मक क्षमता पनि बढाउँछ । मासिक धर्मसम्बन्धी अनियमिततालाई पनि ठीक गर्छ । विशेषगरी महिलाहरूको महिनावारी सुकेपछि हाडको घनत्व कम हुँदै जाने समस्या कम गर्न आलसको सेवन राम्रो मानिन्छ ।

यसलाई छोप बनाएर खान सकिन्छ । भुटेर दानै सलादमा हाल्न पनि सकिन्छ । दहीमा घोलेर प्रयोग गर्न सकिन्छ । जसरी प्रयोग गर्दा पनि हुन्छ तर, राम्रोसँग चपाएर खानुपर्छ । यसबाहेक हामीकहाँ सिलाम, तिल, फिलिङ्गो, कुभिण्डोको बियाँ आदि धेरै कुरा छन् । यस्ता पौष्टिक तत्व भएका बियाँ वा दिउलहरुबारे खोजी गर्ने र जतन गरेर उपयोग गर्ने सीपको भने अभाव छ ।

भाङको छोप बनाएर अचार धेरैले खान्छन् । भाङको बीउमा रहेको प्रोटिन उच्च स्तरको हुन्छ । यसमा पर्याप्त मात्रामा रेशादार तत्व हुन्छ, खाना पचाउन पनि मद्दत गर्छ । यसमा रहेको ओमेगा ३ फ्याटी एसिडले स्वास्थ्यमा लाभ पुर्‍याउँछ । विभिन्न अध्ययनहरुले भाङका दाना खाए रक्त सञ्चालन र मुटु स्वस्थ राख्न मदत गर्छ भन्ने उल्लेख गरेका छन् । यसलाई भुटेर, पिसेर, सलादमा वा तरकारीमा हालेर खान सकिन्छ ।

त्यस्तै, अर्को हो, फर्सीको बियाँ । कतिले भुटेर, कतिले दिउल निकालेर काँचै खान्छन् । धेरैका घरमा भने वास्ता नगरिएकै खाद्य वस्तु हो । फर्सीको बियाँमा लुकेको सूक्ष्म पौष्टिक तत्वबारे थाहा नपाई खाए पनि विभिन्न किसिमका महँगा भिटामिनहरु किनेर खानै पर्दैन । फर्सीका बियाँ प्रायः फालिन्छन् तर, तिनको महत्व थाहा पाएकाहरुले भने भान्छामा जतन गरेरै राख्छन् । पहिले पहिले बुढाबुढीहरुले फर्सीको बियाँ सुकाएर राख्थे । धेरैले त्यसको बाहिरी पत्र छोडाएर दिउल मात्रै खान्छन् । कतिले चाहिँ बाहिरको बोक्रै समेत भुट्छन् र छोपका रुपमा समेत प्रयोग गर्छन् ।

दिउल मात्र खाएजस्तो मिठो स्वाद नभए पनि साह्रै पोषणयुक्त हुन्छ । पहाडतिर दूध, च्यूरा र दहीसँग फर्सीको दिउल मिसाएर पनि खान्छन् । कसैले यसलाई पिसेर सलाद वा सुपमा पनि हाल्छन् । यसमा प्रशस्त मात्रामा जिंक पनि पाइन्छ । सूर्यमुखीको फूलको सुन्दरता देखेर हामी खुसी हुन्छौं तर, यसको बीउ पनि स्वास्थ्यवर्धक छ भन्ने विचार सायदै आउँछ ।

युरोपका विभिन्न देशमा जाँदा सूर्यमुखीको बीउबाट बनाइएको मिठाइचाहिँ पंक्तिकारले खाएको छ । यसमा भिटामिन 'इ' हुन्छ, यसले मुटु स्वस्थ राख्छ । त्यसमा पाइने म्याग्नेसियम नामक तत्वले मांसपेशी र हड्डीको स्वास्थ्य राम्रो राख्छ । दाना खालका धेरै खानेकुरा हामीसँग पर्याप्त छन्, तर तिनको हामीले महत्व बुझ्न सकेका छैनौ । हामीले तिनलाई सही ढंगबाट खान सकेका छौं । बुझ्नुपर्ने कुरा, ति स्वास्थ्यका लागि निकै लाभदायक छन् ।

(सामाजिक सञ्जालबाट साभार ।)

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | स्थानान्तरण हुने योग छ । धार्मिक कार्यहरुमा रुची बढ्नेछ । |
| वृष : | शुभ सन्देश प्राप्त हुनेछ । आहारमा ध्यान दिनुहोला । |
| मिथुन : | जग्गासम्बन्धी कार्यमा प्रगति हुनेछ । यात्रा हुनेछ । |
| कर्कट : | पारिवारिक तनावको योग छ । नयाँ सोचअनुसार काम हुनेछ । |
| सिंह : | पद प्रभावमा वृद्धि हुनेछ । वाणी संयम् राख्नुहोला । |
| कन्या : | भाग्यमा वृद्धि हुनेछ । पाहुनालाई स्वागत गर्ने समय छ । |
| तुला : | वाणी संयम् राख्नुहोला । घरेलु सहयोग राम्रो रहनेछ । |
| वृश्चिक : | काम बन्ने योग छ । अध्यात्मिक रुची बढ्नेछ । |
| धनु : | नयाँ कार्यमा प्रगति तथा श्रीमतीको राम्रो सहयोग प्राप्त हुनेछ । |
| मकर : | प्रतिस्पर्धीमाथि विजय प्राप्त हुनेछ । बाहिरी सम्बन्ध राम्रो रहनेछ । |
| कुम्भ : | अनावश्यक यात्रा गर्नु हुँदैन । नौलो कार्य प्रारम्भ हुनेछ । |
| मीन : | अर्काको जिम्मा लिनु हुँदैन । प्रभाव बढ्नेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# Siddhartha Bank Limited
# Unaudited Financial Results
## (2nd Quarter of Fiscal Year 2080/81)

### Condensed Consolidated Statement of Financial Position

Amount in NPR

| | Group | | Bank | |
|---|---|---|---|---|
| | This Quarter Ending | Immediate Previous Year Ending (Audited) | This Quarter Ending | Immediate Previous Year Ending (Audited) |
| **Assets** | | | | |
| Cash and cash equivalent | 9,611,684,248 | 11,571,313,935 | 9,723,592,366 | 11,554,080,479 |
| Due from Nepal Rastra Bank | 10,916,001,282 | 9,000,713,492 | 10,916,001,282 | 9,000,713,492 |
| Placements with Bank and Financial Institutions | 3,022,646,501 | 5,011,346,934 | 3,022,646,501 | 5,011,346,934 |
| Derivative financial instruments | 37,500,193 | 17,320,155 | 37,500,193 | 17,320,155 |
| Other trading assets | 104,160,890 | 109,407,897 | - | - |
| Loans and advances to B/FIs | 5,783,991,786 | 5,170,773,907 | 5,783,991,786 | 5,170,773,907 |
